# मिति २०७८।०३।९ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

निर्णय नं.१ : नेपालगन्ज उपमहानगरपालिकाको आ.ब. २०७७/७८ को स्वीकृत स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगत Building Construction Work At Various Places Of NSMCPackage -1 ( ठेक्का नम्बर -NSMC/NCB/W11/077/078) कार्य अन्तरगत मिफताहुल उलमको कम्पाउण्ड वाल सहित नेपालगन्ज उप-महानगरपालिका वडा नं. ३योजनाको नाला निर्माण कार्यको लागत अनुमान तयार भई सम्झौता भएकोमा नाला निर्माण गर्ने भनिएको ठाउँ २० मी. मात्र नाला बनाउन सकिने ठाँउमा नाला निर्माण भैसकेकोले अन्य ठाउँमा पुरै दलदले जमिन भएकोमा नाला बनाउन सम्भब नभएको हुँदा बाँकि बचेको रकमबाट मिफताहुल उलमकोकम्पाउण्ड भित्र रहेको संरचनामा टायल लगाउने र अन्य कार्यहरुमा खर्च हुने गरी भेरिएसन आदेश गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं २: यस नेपालगंज उप-महानगरपालिकाको ठेक्का नं. NSMC/NCB/W01/2077/78 को Sadarline to Stadium Road Ward No 13 कार्यको ईस्टिमेट रकम कन्टिजेन्सी र फिजिकल कन्टिजेन्सी बाहेक ५८ लाख ३१ हजार १ सय ५५ रुपैया ०३ पैसा र कन्टिजेन्सी तथा फिजिकल कन्टिजेन्सी रकम रु ३ लाख १ हजार २९ रुपैया २९ पैसा सहित जम्मा रु ६१ लाख ३२ हजार १ सय ८४ रुपैया ३३ पैसामात्ररहेको र सो को ठेक्का सम्झौता रासी गणेश कन्स्ट्रक्सन संग ३८ लाख ६१ हजार ४ सय ६३ रुपैया १९ पैसा मात्र(कन्टिजेन्सी र फिजिकल कन्टिजेन्सी बाहेक) मा मिति २०७७।०९।०९ गते सम्झौता भएको ।चालु आ.ब. २०७७।७८ मा संचालन भैरहेको उक्त ठेक्काको सम्झौता मिति २०७८।०२।२५ सम्म रहेकोमा मिति २०७८।०३।२५ सम्मको लागी म्याद थप भएको । मिति २०७८।०२।०७ को नगर कार्यपालिकाको निर्णय नं. १० बमोजिम उक्त ठेक्काको फिजिकल कन्टिजेन्सी र बचत रकमबाट सो ठेक्काको थप निर्माण कार्यहरुमा खर्च हुने गरी भेरिएसन आदेश गरी कार्य अगाडी बढाउने निर्णय भए बमोजिम अन्य थप निर्माण कार्यहरु समाबेश गरी Revised Estimate तयार गर्दा सुरुको ल.ई. रकम ५८ लाख ३१ हजार १ सय ५५ रुपैया ०३ पैसा मात्र (कन्टिजेन्सी र फिजिकल कन्टिजेन्सी बाहेक)मा ११ लाख ४८ हजार ४ सय ९६ रुपैया ४७ पैसा मात्र (२०.१३७%) बढ्न गई शंसोधित लागत अनुमान ६९ लाख ७९ हजार ६ सय ५१ रुपैया ५० पैसा मात्र ( कन्टिजेन्सी र फिजिकल कन्टिजेन्सी बाहेक) भएको र २०७८।०३।०१ गतेको नगरप्रमुख ज्यू स्तरीय निर्णय बमोजिम मिति २०७८।०३।०२ गते छुट हुन गएका Item हरुको निर्माण व्यवसायी संग दररेट माग गर्दा मिति २०७८।०३।०३ गते पेश भएको दररेट उपयुक्त देखि पेश भए अनुसार सुरुको सम्झौता रकम रु ३८ लाख ६१ हजार ४ सय ६३ रुपैया १९ पैसा मात्र(कन्टिजेन्सी र फिजिकल कन्टिजेन्सी बाहेक) मा ७ लाख ५० हजार ६ सय ८५ रुपैया ८९ पैसा मात्र (२०.०८%) बढ्न गई शंसोधित सम्झौता रकम ४६ लाख १२ हजार १ सय ४९ रुपैया ८ पैसा मात्र भएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५४, नेपालगंज उप-महानगरपालिकाको सार्बजनिक खरिद नियमावली, २०७६ को नियम १२७ बमोजिम भेरिएसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

# मिति २०७८।०३।९ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.३ :** नेपालगन्ज उप–महानगरपालिका वडा नं ६ फुल्टेकमा रहेको नेपाल आर्मीको जग्गामा सैनिक स्कूल स्थापना गर्न श्री बाहिनीपति,ईमान नगर ब्यारेक मार्फत संचालनकोलागि अनुरोध गर्ने र सो को लागि यस पालिकाले सहयोग र सहकार्य गर्ने जानकारी समेत गराउने निर्णय गरियो ।

**निर्णय नं.४** नेपालगन्ज उप–महानगरपालिकाको आ.व.०७८/०७९ को लागि ब्यवसायकरको लक्ष्य रु.१ करोड ७५ लाख निर्धारण गरिएकोमा ब्यवसायकर संकलन गर्नको लागि ब्यापारिक संघ/संस्थाहरुले सकारात्मक रुपले पहल गरि लक्ष्य भन्दा बढि ब्यवसायकर संकलन भएमा उक्त बढि संकलन भएको ब्यवसायकर मध्ये २० प्रतिशत बरावर रकम ब्यवसायकर अभिवृद्धि हुने कार्यकमसंग सम्बन्धित शिर्षकमा खर्च गर्ने गरि ब्यापारिक संघ/संस्थाहरुलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ :**यस नेपालगञ्ज उप-महानगरपालिकाकोमा निलसागर आश्रमको संचालनको लागि सो सस्थाले आर्थिक सहयोग माग गरी निवेदन पेश गरेको सम्बन्धमा मिति २०७८।१।३ को कार्यपालिकाको निर्णय बमोजिम समिति गठन भए अनुसार सो समितिले छलफलमा दिएको सुझाब बमोजिम हाल चालु आ.व. ०७७।०७८मा रु.५०००००।-(अक्षेरुपी पाँच लाख) र आगामी ०७८।०७९ मा रु.५०००००।- अक्षेरुपी पाँच लाख स्वीकृत गरी उपलब्ध गराउने निर्णय गरियो

**निर्णय नं.६ :** आगामी नवौ नगरसभामा श्रीमान नगर प्रमुखज्यूबाट प्रस्तुत हुने यस नेपालगंज उप-महानगरपालिकाको आ.व. २०७८/०७९को निति तथा कार्यक्रम स्विकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ :**आगामी नवौ नगरसभामा श्रीमान उप प्रमुखज्यूबाट प्रस्तुत हुने यस नेपालगंज उप-महानगरपालिकाको आ.व. २०७८/०७९को बजेट स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :** यस उपमहानगरपालिकाका नगर प्रहरी निरीक्षक समेत कर्मचारीहरु समेतका उपरको पांच थान गौंबध मुद्धामा साक्षी बकपत्र, नक्कल उत्तार र अन्तिम सुनुवाई गरेवापतको एकमुष्ट पारिश्रमिक रु.५०,०००।०० (रु. पचास हजार मात्र) माग गरेका सम्बन्धमा निबेदक अधिवक्ता श्री प्रेमध्वज शाहीलाई यस उपमहानगरपालिकाका कानुनी सल्लाहकार समेतको सिफारिस भै आएकोले भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.९ :** यस आ.व.२०७७।०७८ मा संघीय सरकारबाट शशर्त अनुदान अन्तर्गत राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यकम मार्फत सौर्य उर्जा प्रविधि जडान शिर्षकमा रु.३००,०००।-(अक्षेरुपी तीन लाख मात्र) र सुधारिएको चुलो (बायोमास) प्रविधि जडान शिर्षकमा रु २००,०००।- (अक्षरुपी दुई लाख मात्र ) गरी जम्मा रकम रु ५०००००।-अक्षरुपी पाँच लाख) बजेट प्राप्त भएकोमा ,सो बजेटबाट खर्च हुने गरी तपसिलको कार्य गर्न निर्णय गरियो ।



Scanned with CamScanner

## मिति २०७८।०३।९ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

तपसिल

| सि.नं. | कार्यको विवरण | स्थान | रकम (रू.) | कैफियत |
|---|---|---|---|---|
| १. | सौर्य उर्जा प्रविधि जडान | जिल्ला कारागार कार्यालय र गायात्री प्रज्ञा अभियान, नेपालगंज-२०। | ३६०,०००/- | |
| २. | विद्युतीय चुलो खरिद | यस कार्यालय तथा सबै वडा कार्यालयहरुको लागि। | १४०,०००/- | |
| | जम्मा | | ५००,०००/- | |

**निर्णय नं.१०:** स्थानीय राजश्व परामर्श समतिबाट सिफारिस भए बमोजिम आगामी आ.व. २०७८/७९का लागि करको दररेट, भाडा तोक्ने, सेवा शुल्क, दस्तुरका दर र नीतिहरु सहितको आर्थिक विधेयक २०७८ स्वीकृतका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.११ :** यस नेपालगंज उप-महानगरपलिकाको आ.व. २०७८/७९को बजेट विनियोजन सहितको विनियोजन विधेयक, २०७८ स्वीकृतका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.१२ :** यस नेपालगंज उपमहानगरपालिको नवौ नगरसभामा "नेपालगंज उप-महानगरपालिका,कर्मचारी समायोजन ऐन,२०७७" स्विकृतिको लागि पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.१३ :** यस नेपालगंज उपमहानगरपालिको नवौ नगरसभामा "नेपालगंज उप-महानगरपालिकाको सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन,२०७८" स्विकृतिको लागि पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.१४ :** यस कार्यपालिकाको मिति २०७७।१०।१४ मा गठित समितिले अध्ययन गरी कार्यापालिकमा पेश गरेको तपसिलको साविकमा कार्यरत कर्मचारीहरुको करार व्यवस्थापन तथा सामाजिक परिचालक र कार्यालय सहयोगीहरुको सुविधा व्यवस्थापन सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो।

**तपसिल :-**

**(क) लामो समयदेखि डोर हाजिरीमा कार्यरत कर्मचारीहरुको सम्बन्धमा :**

यस नेपालगंज उप-महानगरपालिकामा लामो समयदेखि दैनिक डोरहाजिरी भरी कामकाज गरिरहेका व्यक्तीहरुको सम्बन्धमा साबिककै सेवा सुबिधा रहने गरी करार



Scanned with CamScanner

सम्झौता सम्पन्न गर्न र आवश्यकता अनुसार कामकाजमा लगाउने गरी दरबन्दि स्वीकृत गर्न नगरसभामा लैजाने ।

(ख) **वडा कार्यालयहरुमा कार्यरत साविकका सामाजिक परिचालक एवं कार्यालय सहायकहरुको सेवा सुबिधा थप गर्ने सम्बन्धमा :**

विगत लामो समयदेखि कार्यरत उक्त सहायक कर्मचारीहरुको सेवा सुबिधा हालसम्म अत्यन्त न्यून रहेकोले समयानुकुल राहत पुग्ने गरी सहायक स्तर तेस्रो तहको सुविधा पाउने गरी आगामी आ.व. ०७८।०७९ को लागि करार सम्झौता नवीकरण गर्ने ।

(ग) **कार्यालय सहयोगीहरुको सेवा सुबिधा थप गर्ने सम्बन्धमा :**

गत विगतदेखि कार्यरत उक्त कार्यालय सहयोगीहरुको न्यूनतम् स्केल पाउने गरी ( स्वास्थ्य तथा आयूर्वेद तर्फबाट ब्ययभार भएका) एकरुपता ल्याउन कार्यदक्षता,अनुशासन,लगनशिलता समेत मध्येनजर गरी करार नवीकरण गर्ने ।

**निर्णय नं १५ :** यस नेपालगञ्ज उप-महानगरपालिकाको विधेयक समितिबाट पेश भएबमोजिम "नगर प्रहरी संचालन कार्यविधि, २०७५" शंशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो

**निर्णय नं १६ :** यस नेपालगञ्ज उप-महानगरपालिका वडा कार्यालय तथा स्थानीय गैर सरकारी संस्थासगँको साझेदारीमा संचालित फोहरमैला व्यवस्थापन कार्यक्रमलाई अझै प्रभावकारी रुपमा संचालन गर्नका लागि नगर कार्यपालिकाको मिति २०७८।०२।२६ गते निर्णयानुसार हाल कार्यान्वयनमा रहेको फोहोरमैला व्यवस्थापन सम्बन्धी सम्झौता रद्ध गर्ने र सम्झौताका बँदाहरु पुनरावलोकन गरी २०७८ श्रावण १ गते देखि लागु हुने गरी नयाँ सम्झौता गर्ने निर्णय भएकोले सोही बमोजिम जुन जुन वडामा जुन जुन संस्थाले कार्यक्रम संचालन गरीरहेका छन तत् तत् वडामा तिनै संस्थाहरु मार्फत कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं १७ :** यस नेपालगञ्ज उप-महानगरपालिकामा कुचीकार पदमा कार्यरत रम्भा गुरुङ्गको अचानक बिरामी भई हवल्दारपुर स्थित कौशिलल्या मेमोरियल हस्पिटलमा उपचार गराउदा खर्च भएको विल भौचरको सम्बन्धमा यस नगरपालिकाको स्वास्थ्य शाखाबाट Prescription अनुसार छ छैन हेरी औषधिको रकम के कति हो एकिन हिसाब गरी पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं १८ :** मुख्य मन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम अन्तरगत यस आ.व. मा संचालनहुने कार्यक्रमहरुको जिल्ला समन्वय समितिको पं.सं. ०७७।०७८ च.न. ५०८ मिति २०७८।०१।३० को पत्रानुसार संशोधन भई कार्यान्वयनको लागि आएकोमा उक्त कार्यक्रमहरु कार्यान्वयन गर्दा शिलबन्दी बोलपत्र वा दरभाउ पत्रद्धारा खरिद समय अभावको कारण समेत विशेष परिस्थिति परेकोले उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।



Scanned with CamScanner